# दार्चुला जिल्लाको व्यासी जातिको सांस्कृतिक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय

अन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व

विषयको स्नातकोत्तर उपाधिको आंशिक

आवश्यकता परिपूर्तिको लागि

प्रस्तुत गरिएको

**शोधपत्र**

दार्चुला जिल्लाको व्यासी जातिको सांस्कृतिक अध्ययन खिमानन्द जोशी २०८२

शोधार्थी

खिमानन्द जोशी

परीक्षा क्रमाङ्क : २८१३०४९

त्रि.वि. दर्ता नं. ७-२-३२९-२२३-२०११

नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौँ

२०८२

## शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातŒ स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता परिपूर्तिको लागि यस केन्द्रीय विभागका विद्यार्थी खिमानन्द जोशीद्वारा प्रस्तुत **दार्चुला जिल्लाको व्यासी जातिको सांस्कृतिक अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार भएको व्यहोरा प्रमाणित गर्दै आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०८२/०५/०५

............................................

**सह-प्रा. डा. महेश कुमार आचार्य**

(शोधनिर्देशक)

नेपाली इतिहास, संस्कृति तथा पुरातŒ केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

# प्रतिवद्धता पत्र

त्रिभुवन विश्वविद्यालयको नेपाली इतिहास संस्कृति तथा पुरातGE केन्द्रीय विभागबाट स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता परिपूर्तिको लागि **दार्चुला जिल्लाको व्यासी जातिको सांस्कृतिक अध्ययन** विषयमा सह-प्रा.डा. महेश कुमार आचार्यज्यूको शोध निर्देशनमा यो शोधपत्र तयार पारिएको हो । यो शोधप्रबन्ध मेरो मौलिक लेखन भएको र कुनै पनि उपाधिका लागि अन्य विश्वविद्यालय वा प्राज्ञिक संस्थामा पेस नगरेको घोषणा गर्दछु ।

मिति : २०८२/०५/०५

.....................

खिमानन्द जोशी

(शोधार्थी)

# कृतज्ञताज्ञापन


प्रस्तुत शोधपत्र **"दार्चुला जिल्लाको व्यासी जातिको सांस्कृतिक अध्ययन"** त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत नेपाली इतिहास, संस्कृति तथा पुरातŒ केन्द्रीय विभाग अन्तर्गतको स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिको निमित्त तयार पारिएको हो ।

प्रस्तुत शोधपत्रको शोध-प्रस्ताव लेखनको समयदेखि नै अमूल्य समय आवश्यक सल्लाह तथा सुझाव दिनुहुने यस नेपाली इतिहास, संस्कृति तथा पुरातŒ केन्द्रीय विभागका विभागीय प्रमुख एवम् मेरा शोध निर्देशक सह प्रा.डा. महेश कुमार आचार्य गुरूप्रति आभार व्यक्त गर्दछु । शोधपत्रको क्रममा सुरुदेखि अन्त्यसम्म आवश्यक सल्लाह तथा सुझाव दिई मार्ग निर्देशन गर्नु भएकोमा आदरणीय गुरुहरू सहप्राध्यापक डा. लोकनाथ दुलाल र उप प्राध्यापक डा.अभिजित थापाप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । साथै मलाई संस्कृति विषय पढाउनु हुने सम्पूर्ण गुरुजनहरूप्रति पनि आभारी छु ।

यो शोधकार्यका लागि स्थलगत भ्रमणको व्यवस्थापन गर्न सहयोग गर्नुहुने लुम्बिनी विकास बैंकका प्रमुख कार्यकारी अधिकृत नरेश बहादुर बोहराप्रति म ज्यादै ऋणी छु । साथै अध्ययन र अनुसन्धान गर्ने वातावरण मिलाइदिनु भएकोमा व्यास गाउँपालिका वडा नं. १ का वडाध्यक्ष अशोक बोहरा र व्यासी शौका (रं) समाजका अध्यक्ष बासुदेव सिंह ऐतवाल प्रति पनि आभारी छु । अन्तर्वार्तामा सहभागी भई महŒपूर्ण तथ्य र जानकारी उपलब्ध गराइदिनुहुने व्यासी शौका(रं)जातिका अग्रज विद्वान् चमक सिंह तिङ्करी,प्रेमसिंह बोहरा लगायत सम्पूर्ण प्रति आभारी छु ।

शोधकार्यको लागि चाहिने आवश्यक पुस्तकहरू उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने केन्द्रीय त्रि.वि.पुस्तकालय, नेपाली इतिहास, संस्कृति तथा पुरातŒ केन्द्रीय विभागको पुस्तकालय र दाजु जनक रसिक प्रति आभारी छु । शोधपत्रलाई अगाडि बढाउन सहयात्रीको भुमिका निभाउनु भएकोमा मित्र गौरीशंकर पराजुली प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस शोधकार्यको लागि सुरुदेखि नै निरन्तर सहयोग एवम् हौसला प्रदान गर्नुहुने मेरा श्रद्धेय पिता मनोरथ जोशी र कौशा जोशीप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । जसको प्रेरणाले अध्ययन कार्यलाई उर्वर गराई प्रस्तुत शोधपत्र तयार हुनसक्यो । साथै समय समयमा सल्लाह र सुझाव दिने मेरो भाई नरेश प्रसाद जोशीलाई पनि बिर्सन्न सकिन्न ।

यस शोधकार्यको शिलशिलामा प्रत्यक्ष, अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने अन्य सम्पूर्ण महानुभावहरूप्रति हार्दिक कृतज्ञता र धन्यवाद ज्ञापन गर्दछु । अन्त्यमा यो शोधपत्र मेरो अध्ययनको पहिलो खुड्किलो भएकोले कुनै गल्ती भएमा प्रतिक्रियाको अपेक्षा गरेको छु ।

.....................

**खिमानन्द जोशी**

(शोधार्थी)

*शोधसार*

*दार्चुला जिल्लाको व्यासी जातिको सांस्कृतिक अध्ययन* शीर्षकको शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तहमा संस्कृति विषयको उपाधि प्राप्त गर्न आंशिक आवश्यकता परिपूर्तिका निमित्त नेपाली इतिहास, संस्कृति तथा पुरातŒ केन्द्रीय विभाग कीर्तिपुरमा प्रस्तुत गरिएको हो । दार्चुला जिल्लाको व्यासी जातिको जातिय परिचय के हो ? दार्चुलाको व्यासी जातिका मूर्त सांस्कृतिक सम्पदाहरू के कस्ता रहेका छन् ? दार्चुलाको व्यासी जातिका अमूर्त सांस्कृतिक सम्पदाहरू के कस्ता रहेका छन् ? भन्ने सन्दर्भ यो अध्ययनका समस्या हुन् । दार्चुलाको व्यासी जातिको जातीय परिचय खोजी गर्नु , दार्चुलाको व्यासी जातिका मूर्त सांस्कृतिक सम्पदाहरूको अन्वेषण गर्नु , दार्चुलाको व्यासी जातिका अमूर्त सांस्कृतिक सम्पदाहरूको खोजी गर्नु जस्ता विशिष्ट उद्देश्य यो अध्ययनले निर्धारण तथा परिपूर्ति गरेको हो ।

विषयवस्तुका दृष्टिकोणले यो अध्ययन व्यासी दार्चुलाको जातिको जातीय परिचय र मूर्त अमूर्त सांस्कृतिक सम्पदाहरूमा मात्रै केन्द्रित रहेको छ । भूगोलका आधारमा यो अध्ययन व्यासी जातिको मुलथाँत थलो व्यास गाउँपालिकामा पर्ने तिंकर, छाङरु, र महाकाली नगरपालिकाको खलंगा क्षेत्रमा मात्र केन्द्रित छ । प्रस्तुत शोधकार्यमा प्राथमिक तथा द्वितीयक दुवै किसिमका स्रोत तथा सामग्रीका साथै तथ्याङ्क एवम् सूचनालाई उत्तिकै महत्व दिइएको हो । विशेषत : यो अनुसन्धान कार्य प्राथमिक तथ्याङ्कमा आधारित छ । द्वितीयक सूचना प्रकाशित तथा अप्रकाशित उपलब्ध सामग्रीहरूको विवेचनाबाट र प्राथमिक तथ्याङ्कहरू स्थलगत अध्ययनबाट सङ्कलन गरिएका हुन् । प्राथमिक तथ्याङ्कहरू संकलनका लागि अवलोकन, जानकार व्यक्तिहरूसँगका अन्तर्वार्ता र फोटोग्राफी र भिडियोग्राफी प्रयोगमा ल्याइएको छ । यो गुणात्मक अध्ययन हो । विश्लेषणात्मक, वर्णनात्मक एवम् अन्वेषणात्मक अनुसन्धानको सैद्धान्तिक ढाँचामा यो शोधपत्र अनुबन्धित गरिएको छ ।

व्यासी जातिको बसोबास दार्चुलाको तिंकर, छाङरु, रपाङ,कुटी, नाबी, गुन्जी,स्याङकाङ र सदरमुकाम खलंगामा रहेको छ । वि.सं. २०७८ को जनगणना अनुसार देशभर व्यासी जातिको जनसङख्या ५,७१८ जना रहेकोमा दार्चुलामा १,२६४ जना रहेको छ (राष्ट्रिय जनगणना, वि.सं. २०७८)। यस जातिलाई सरकारी दस्तावेजमा *'व्यासी',* क्षेत्री-बाहुनले *'व्यासी सौका'* तिब्बतीहरूले *'ज्याङबा'* र उनीहरु आफैले *'रँ'* भनेर चिनाएको पाईन्छ । यस अध्ययनका क्रममा भने सरकारी दस्तावेजकै शब्द *'व्यासी'* प्रयोग गरिएको छ ।

छालाको रङ् हल्का पहेँलो ,गोलो एवम् अण्डाकार मुखाकृति, भित्र गडेको सामान्यतया चिम्सो आँखा, कालो र सिधा कपाल,छोटो र फराकिलो नाकसामान्य जुङ्गा दाह्री यो जातिका मुख्य शारीरिक विशेषता हुन् । यस जातिमा ऐतवाल, बोहरा र लाला, तिङ्करी, बुढाथोकी,कल्याल,जोहारी जस्ता थर प्रचलनमा रहेको छन् । संयुक्त परिवार लामो समयसम्म संगोलमै बसेको यो समाजमा पाइन्छ । उनीहरुले समाज एक गाउँ हो र गाउँ परिवार हो भन्ने धारणा राख्छन् । परम्परागत रूपमा ढुङ्गाका छानो भएका घरहरू बनाउने चलन छ । परम्परागत पहिरनको रुपमा पुरुषहरूले *रंगा बेन्ठूलो,* र महिलाहरूले *च्यूङ्बाला,* लगाउने गर्दछन् । *छाकु छम्मा ,क्वटो, दू, कलङ ,दाङती, ति-चेम्पेन, भारे,*

*बरछ्याङ च्यक्ती, दलङ* यो समुदायका परम्परागत परिकारहरू हुन् । *कंच, गोकपर, एरती ग्व्अल्व्अकोस्यी ,दबस्यिन,, पाक्व, छ्य ,दुङपा ,ज्या दोङब्व ,बूति, दोङब्व खाङ ,जुगली , हरब्या,कऱ्या , दाबन,सा तिपरी,सा गरी,सा कलिन्चै,क्वचै , खाल्व ,घा ,चल्ला ,चरु,डी* यो समुदायका परम्परागत भाडाकुँडा हुन् । *धम्ये, ब्यासली, छ्याँछ्याँ, ब्याँकुली, घोंघरौं, जङथर,ढौलक* यस जातिका परम्परागत बाजा हुन् ।

यो जातिभित्र आफ्नै मिथक एवम् लोककथा, जनश्रुति, लोकगीतहरू, उखान टुक्काहरू,गाउँखाने कथाहरू लोकभाषा एवम् लिपि लोकगीत तथा सङ्गीत लोकनाचगान, लोकखेल, धामीझाँक्रीको प्रदर्शन रहेका छन् । सामाजिक भूमिकामा बढा ढाक्पा, ल्हेवा जस्ता पदीय जिम्मेवारी प्राप्त व्यक्तिहरू पनि हुने गर्दछन् । परिवारमा जेष्ठ पुरुषलाई घर मुली मानिन्छ भने जेष्ठ महिलालाई मुलिन रानीको रुपमा विशेष सम्मान छ । नारीको स्थान यहाँको परिवार र समाजमा उच्च छ । महिलामाथि हुने हिंसा र दाईजो, बहुबिबाह, देउकी प्रथा, छाउपडी प्रथा जस्ता कुनै प्रकारका विकृती यो समाजमा छैनन् । बालबालिकाको पनि निर्णय प्रक्रियामा अधिकार हुन्छ । रक्त सम्बन्ध, बैबाहिक सम्बन्ध र मितेरी लगायत अन्य समुदायमा जस्तै नातेदारी यहाँ पाईन्छ । परम्परागत न्याय प्रणालीका कारण समुदायभित्रका विवादहरु कमै मात्रै सरकारी निकायहरुमा पुग्छन् । व्यासी  जातिमा *छ्युसिमो* (जन्म संस्कार), *बुमो बोक्ने* (बच्चालाई पिठ्युमा राखेर बोक्ने),*दुक्लाङ छिमो* (पास्नी), *किपाङ कोर्मो* (शिशुलाई मन्दिर लैजाने) *बुढानी ठुमो* (जेठो छोराको बुढानी पुजा), बिबाह संस्कार र मृत्यु संस्कार हुन् । यिनीहरुले *कलिङ* (पुजा गर्न राखिएको ढुङ्गा), व्यास ऋषि, महादेव, भुमि, *मुलिन रानी* (चुलो), *ज्ञमराङ* (मूल ढोका), आदिको पुजा गर्दछन । यो जातिका मुख्य पर्वहरुमा व्यास पुजा, *गबला, किर्जीबाम, नमज्युङको पुजा, चाँचिमो, दर्च्यो उभ्याउने* पर्व, *ग्युगरी* आदि पर्दछन् । प्रकृतिसँग सम्वन्धित विद्या, ब्रह्माण्डसँग सम्वन्धित विद्या, लोकऔषधोपचारसम्बन्धी विद्या, झारफुक तन्त्रमन्त्रसम्वन्धी विद्या, कला, वास्तुकला पक्षसँग सम्बन्धित विद्या एवम् सीपजस्ता विधाहरु पनि यो जातिमा पाइन्छन् । यहाँ स्थानीय स्तरमा उपलव्ध हुने जडिबुटीहरूको प्रयोग तथा आफ्नै मौलिक परम्परागत उपचार पद्धति विकास गरिएको पाइन्छ । लमाले झारफुक गर्ने र तन्त्रमन्त्रको प्रयोग गर्ने परम्परा छ । ऊन तथा अल्लो लगायत रेसाबाट विभिन्न लुगा ,गलैंचा निर्माण गर्ने जस्ता हस्तकला सीप तथा प्रविधि पाइन्छन् । श्रृङ्गार एवम् सजावटसम्बन्धी, वाद्यवादन, गायन तथा नृत्यसम्बन्धी, झारफुक एवम् तन्त्रमन्त्रसम्बन्धी ज्ञानविज्ञान प्रविधिमा पनि यो जाति अग्रणी नै देखिन्छ । पछिल्लो समय आधुनिकताको प्रभावले व्यासी जातिका  मूर्त, अमूर्त सम्पदामा ठूलो प्रभाव पारिरहेको छ । यी सम्पदाहरुको अध्ययन, अनुसन्धान, दस्तावेजीकरण एवम् संरक्षणको आवश्यकता देखिन्छ ।

# विषय सूची


शोधनिर्देशकको सिफारिश पत्र क

शोधप्रवन्धको स्वीकृति पत्र ख

प्रतिवद्धता पत्र ग

कृतज्ञता ज्ञापन घ

शोधसार ङ

अध्ययन क्षेत्रको नक्सा

**अध्याय एक : शोधको परिचय १-१०**

१.१ परिचय १

१.२ शोधको समस्या ३

१.३ शोधको उद्देश्य ४

१.४ पूर्वकार्यको समीक्षा ४

१.५ शोधको औचित्य र महŒ ८

१.६ शोधको सीमाङ्कन ८

१.७ शोधविधि ९

**अध्याय दुई : व्यासी जातिको परिचय ११-१७**

२.१ व्यासी जातिको उत्पत्ति तथा नामकरण ११

२.२ व्यासी जातिको शारीरिक विशेषता १४

२.३ जनसङ्ख्या एवम् बसोवास १४

२.४ प्रचलित थर तथा उपथर १५

२.५ पारिवारिक संरचना १६

**अध्याय तीन : व्यासी जातिका मूर्त सांस्कृतिक सम्पदा १८-३०**

३.१ संस्कृतिको अर्थ तथा परिभाषा १८

३.२ मूर्त संस्कृतिसम्बन्धी अवधारणा १८

३.३. घर निर्माण सामग्री तथा बनावट शैली १९

३.४. परम्परागत भेषभूषा एवम् गरगहना २०
३.५. परम्परागत खाद्य तथा पेय पदार्थ २१
३.६. परम्परागत भाडावर्तन तथा हातहतियार [illegible]
३.७. परम्परागत वाद्यवादन
**अध्याय चार : व्यासी जातिका अमूर्त सांस्कृतिक सम्पदा तथा अभ्यास प्रणाली ३१-१०५**
४.१. अमूर्त सांस्कृतिक सम्पदासम्बन्धी धारणा ३१
४.२. व्यासी जातिका अमूर्त सांस्कृतिक सम्पदा तथा अभ्यास प्रणाली ३२
४.२.१. मौखिक परम्परा एवम् अभिव्यक्ति ३३
४.२.२. अभिनय तथा प्रदर्शनकारी कला ४७
४.२.३. सामाजिक व्यवहार, अनुष्ठान, रीतिरिवाज तथा चाडपर्व ५४
४.२.४. प्रकृति तथा ब्रह्माण्डसँग सम्बन्धित परम्परागत ज्ञानविज्ञान ९५
४.२.५. परम्परागत कलाकौशल शिल्प प्रविधि १०१
**अध्याय पाँच : छलफल तथा निष्कर्ष १०६-१०९**
परिशिष्टहरू
सन्दर्भ सामग्री